Scanned with CamScanner

# नेपाल संस्कृत विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालयको
# परीक्षा आवेदन प्रपत्र (फाराम)
# भर्ने सम्बन्धी सूचना

नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय बेलझुण्डी दाङद्वारा वि.सं. २०८२ सालमा सञ्चालन गरिने आचार्य प्रथम तथा द्वितीय खण्ड-२०८० (नियमित/आंशिक/स्वतन्त्र) र प्राक्शास्त्री-२०८१ को परीक्षा नियमानुसार दिन पाउने परीक्षार्थीहरूले समेत नियमानुसार परीक्षा आवेदन प्रपत्र (फाराम) भरी वि.सं. २०८२।०३।२५ गतेसम्म आ-आफ्नो विद्यापीठमा बुझाउन सम्बद्ध सबैको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ। परीक्षा आवेदन प्रपत्र (फाराम) परीक्षा नियन्त्रण कार्यालय दाङ, ने.सं.वि.अन्तर्गतका आङ्गिक र सम्बन्धनप्राप्त सबै विद्यापीठहरूबाट प्राप्त गर्न सकिने छ।

## १. परीक्षा शुल्कहरू :-

| तह | नियमित | | स्वतन्त्र | | स्वतन्त्र तथा विशिष्टका लागि डाँक खर्च | फाराम शुल्क | केन्द्र शुल्क | रजिस्ट्रेसन शुल्क | इमिग्रेसन शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिखण्ड पूरा | प्रतिपत्र आंशिक | प्रतिखण्ड पूरा | प्रतिपत्र आंशिक | | | | | |
| प्राक्शास्त्री | ७५० | - | ७५० | - | - | १५० | १५० | - | - |
| आचार्य | २०० | ७० | २५० | १०० | ५० | ५० | १५० | ३०० | ३०० |

## २. विलम्ब शुल्क सम्बन्धमा :-

परीक्षा आवेदन प्रपत्र (फाराम) बुझाउने म्याद भुक्तान भएको मितिले पहिलो हप्तासम्म रू. १००।-, दोस्रो हप्तासम्म रू. ५००।- जम्मा गरी आवेदन प्रपत्र (फर्म) बुझाउन सकिने छ।

## ३. परीक्षा शुल्क पठाउने सम्बन्धमा :-

परीक्षा शुल्क रा.बा.बैंक शाखा कार्यालय, तुलसीपुरमा रहेको यस कार्यालयको च.हि.नं. ४१६०१००००१९०५००१ मा रकम जम्मा गरेको सक्कल भउचर संलग्न गरी पठाउनुपर्ने छ।

## ४. परीक्षा आवेदन प्रपत्र (फर्म) भर्दा/भराउँदा ध्यान दिनुपर्ने कुराहरू :-

(क) नियमित परीक्षार्थीहरूको हाजिरी प्रतिशत विद्यापीठले अनिवार्यरूपमा परीक्षा फाराममा उल्लेख गर्नुपर्ने छ।

(ख) परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्र (फाराम) खण्डशः बेग्लाबेग्लै भर्नुपर्ने छ।

(ग) नियमित परीक्षार्थीहरूले पूर्व परीक्षाको लब्धाङ्कपत्र तथा शैक्षिक प्रगति विवरण प्रपत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरूपमा पेस गर्नुपर्ने छ।

(घ) **आचार्यतर्फ आंशिक परीक्षाका परीक्षार्थीहरूले तह प्रवेश वर्ष र प्रत्येक पटक परीक्षा दिएको वर्ष एवं अनुक्रमाङ्क क्रमैसँग अनिवार्य रूपमा भरी पूर्व लब्धाङ्कपत्रका प्रमाणित प्रतिलिपिहरू पनि अनिवार्य रूपमा पठाउनुपर्ने छ।**

(ङ) अन्य विश्वविद्यालयबाट परीक्षा उत्तीर्ण गरेका परीक्षार्थीहरूले आफूले प्राप्त गरेको पूर्व परीक्षाका सबै प्रमाणपत्र र लब्धाङ्कपत्रहरूका प्रमाणित प्रतिलिपिसमेत परीक्षा आवेदन प्रपत्र (फाराम) सँगै पेस गरी पठाउनुपर्ने छ।

क्रमशः

परीक्षा-नियन्त्रक

(च) उपर्युक्तबमोजिम तोकिएको परीक्षा शुल्क नपठाएमा, नियमानुसार परीक्षा फाराम नभरिएमा पञ्जीकरण प्रपत्र (दर्ता फाराम) नभरेमा वा समयभित्र प्राप्त हुन नआएमा त्यस्ता परीक्षा फाराम अस्वीकार्य हुने छन् ।

५. स्वतन्त्र परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्र (फाराम) भरी सिधै परीक्षा नियन्त्रण कार्यालय, दाङमा पठाउनुपर्ने छ र स्वतन्त्र परीक्षार्थीले प्रत्येक खण्डका परीक्षाहरू एउटै केन्द्रबाट दिनुपर्ने छ ।

६. परीक्षा आवेदन फारामहरू विद्यापीठले राम्रोसँग रुजु गरी खण्डशः अलग अलग गरी परीक्षार्थीहरूको विषयगत विवरण वर्णानुक्रमअनुसार तयार पारी शुल्कसहित फाराम भर्ने अन्तिम मिति समाप्त भएको ७ दिनभित्र परीक्षा नियन्त्रण कार्यालय बेलझुन्डी, दाङमा आइपुग्ने गरी पठाउनुपर्ने छ ।

७. आचार्यको आंशिक परीक्षार्थीहरूको हकमा वि.सं. २०७५ सालमा प्रथम खण्डको नियमित परीक्षामा सहभागी भएका र सो वर्षभन्दा यताका छात्रछात्राहरूले मात्र आवेदन फाराम (प्रपत्र) भर्न पाउने छन् ।

८. राम्रोसँग परीक्षा आवेदन फाराम नभरी विवरण फरक पर्न गएमा सम्बन्धित परीक्षार्थी वा विद्यापीठ नै जवाफदेही हुने छन् ।

दिनाङ्क :- २०८२ साल जेठ २१ गते,
बेलझुन्डी, दाङ ।

(प्रा.डा. बाबुराम आचार्य)
परीक्षा नियन्त्रक
परीक्षा-नियन्त्रक:

Scanned with CamScanner